# त्रैमासिक राष्ट्रिय लेखा तथ्याङ्क

## आर्थिक वर्ष २०८२/८३

## प्रथम त्रैमासिक (साउन, भदौ, असोज)

**प्रकाशित मितिः २०८२/०९/३०**

## प्रेस नोट

१. परिचय

अर्थतन्त्रभित्र अविच्छिन्न रूपमा विभिन्न आर्थिक क्रियाकलाप सञ्चालन भइरहेका हुन्छन्। जस अन्तर्गत वस्तु तथा सेवाको उत्पादन, उपभोग, सञ्चय, लगानी आदि कार्यहरू पर्दछन्। यस्ता क्रियाकलापको मापनबाट विभिन्न आर्थिक सूचक जस्तैः कुल उत्पादन, मध्यवर्ती उपभोग, कुल मूल्य अभिवृद्धि, आर्थिक वृद्धिदर, अन्तिम उपभोग, लगानी आदि तयार गरिन्छ। यस किसिमका आर्थिक परिसूचकहरू राष्ट्रिय लेखा प्रणालीबाट उपलब्ध हुन्छन्। आर्थिक सूचकमा भएको आवधिक परिवर्तनको आधारमा सम्बन्धित सरोकारवाला निकायले आवश्यक नीति निर्माण गर्ने, नीति परिवर्तन गर्ने, कार्यक्रम कार्यान्वयनमा पुनरावलोकन गर्ने लगायतका विभिन्न निर्णय गर्दछन्। साथै, आर्थिक सूचकको प्रयोगबाट अर्थतन्त्रको स्वरूप, संरचना तथा व्यवहारको अध्ययन गरिन्छ। यसका अतिरिक्त, अर्थशास्त्रीय विश्लेषण तथा अन्तर्राष्ट्रिय तुलनात्मक अध्ययनमा समेत आर्थिक सूचकको व्यापक प्रयोग भइरहेको हुन्छ।

राष्ट्रिय लेखा प्रणाली बमोजिम आर्थिक सूचक निर्माण गर्नका लागि अर्थतन्त्रभित्र सञ्चालित सबै प्रकारका आवासीय आर्थिक क्रियाकलापलाई मापन गरी तथ्याङ्कीय स्वरूपमा प्रस्तुत गर्ने गरिन्छ। यस किसिमका तथ्याङ्क उपलब्ध गराउनका लागि राष्ट्रिय तथ्याङ्क कार्यालयले अन्तर्राष्ट्रिय मापदण्ड तथा सिद्धान्तको अनुशरण गरी वार्षिक, प्रादेशिक तथा त्रैमासिक राष्ट्रिय लेखाका अनुमान नियमित रूपमा सार्वजनिक गर्दै आएको छ। वार्षिक राष्ट्रिय लेखाका अनुमानबाट छोटो अवधिमा हुने आर्थिक वृद्धि वा संकुचनलाई लेखाजोखा गर्न सकिँदैन। तसर्थ, छोटो अवधिमा भएका परिवर्तनलाई समेटी अर्थतन्त्रको दिशाबोध गर्नका लागि त्रैमासिक राष्ट्रिय लेखाका अनुमान प्रयोग गर्ने प्रचलन रही आएको छ। यसै सन्दर्भमा नेपालले पनि आर्थिक वर्ष २०६७/६८ देखि निरन्तर रूपमा त्रैमासिक राष्ट्रिय लेखा अनुमान तयार गरी प्रकाशन गर्दै आएको छ। अर्थतन्त्र भित्र सञ्चालित सबै आवासीय आर्थिक क्रियाकलापहरूमा छोटो

अवधिमा भएका परिवर्तनलाई विभिन्न सूचकको माध्यमबाट मापन गरी राष्ट्रिय लेखाका त्रैमासिक अनुमान तयार गरिन्छ।

हाल प्रकाशित त्रैमासिक राष्ट्रिय लेखाका अनुमान आर्थिक वर्ष २०६७/६८ लाई आधार वर्ष मानेर तयार गरिएका छन्। यी त्रैमासिक रूपमा प्रकाशित अनुमान स्थिर मूल्यमा मात्र मापन गरिएका छन्। प्रत्येक त्रैमासिक समाप्त भएको ९० दिन भित्रमा त्रैमासिक राष्ट्रिय लेखा अनुमान सार्वजनिक गर्ने कार्यालयको अभ्यासबमोजिम चालु आर्थिक वर्ष २०८२/८३ को प्रथम त्रैमासिकको अनुमान सार्वजनिक गरिएको छ। यस क्रममा अघिल्ला त्रैमासिकहरूमा प्रकाशित राष्ट्रिय लेखाका अनुमानहरूलाई अद्यावधिक गरी परिमार्जन समेत गरिएको छ।

## २. त्रैमासिक राष्ट्रिय लेखा अनुमान गर्ने विधि

त्रैमासिक कुल गार्हस्थ्य उत्पादनका अनुमान तयार गर्दा विभिन्न आर्थिक क्रियाकलापहरूसँग सम्बन्धित सूचकहरूका आधारमा प्रथमतः मौसमी प्रभाव सहितका त्रैमासिक कुल गार्हस्थ्य उत्पादन (Seasonally Unadjusted Quarterly Gross Domestic Product) अनुमान गरिन्छ। त्यसपछि अन्तर्राष्ट्रिय मुद्रा कोष (International Monetary Fund-IMF) ले प्रचलनमा ल्याएको अरिमा (X-12a ARIMA) को प्रयोग गरी मौसमी प्रभाव समायोजित कुल गार्हस्थ्य उत्पादनका (Seasonally Adjusted Quarterly Gross Domestic Product) अनुमान तयार गरिएको छ। यी अनुमानका आधारमा त्रैमासिक वृद्धिदर तयार गरिन्छ।

तालिका १ मा मौसमी प्रभाव सहितका मूल्य अभिवृद्धिको वृद्धिदर (Growth rate of value added) तथा कुल गार्हस्थ्य उत्पादन वृद्धिदर प्रस्तुत गरिएको छ। यस्ता वृद्धिदर अनुमान गर्न अघिल्लो आर्थिक वर्षको सोही त्रैमासिकको विवरणसँग तुलना गर्ने गरिन्छ। यो तालिकामा प्रस्तुत गरिएका वृद्धिदरबाट अघिल्लो आर्थिक वर्षको त्रैमासिकबाट लगत्तै त्यसपछिको आर्थिक वर्षको सम्बन्धित त्रैमासिकमा कति प्रतिशतले आर्थिक वृद्धि भयो भनेर जानकारी प्राप्त हुन्छ। अर्कोतर्फ, तालिका २ मा मौसमी प्रभाव समायोजित मूल्य अभिवृद्धिको वृद्धिदर (Growth rate of gross value added) तथा कुल गार्हस्थ्य उत्पादन वृद्धिदर प्रस्तुत गरिएको छ। यस्ता वृद्धिदर क्रमशः अघिल्लो त्रैमासिकको विवरणसँग तुलना गरी गणना गरिएको हुन्छ। यो तालिकाको तथ्याङ्कबाट अघिल्लो त्रैमासिकबाट लगत्तैको पछिल्लो त्रैमासिकमा कति प्रतिशतले वृद्धि भयो भनेर बुझ्नको लागि उपयोगी हुन्छ। त्यसैगरी, तालिका ३ मा मौसमी प्रभाव सहितका स्थिर मूल्य (आर्थिक वर्ष २०६७/६८ आधार वर्ष) मा मापन गरिएका

आधारभुत मूल्यका कुल मूल्य अभिवृद्धि तथा कुल गार्हस्थ्य उत्पादन प्रस्तुत गरिएको छ। त्यसैगरी, तालिका ४ मा मौसमी प्रभाव समायोजित स्थिर मूल्य (आर्थिक वर्ष २०६७/६८ आधार वर्ष) मा मापन गरिएका आधारभुत मूल्यका कुल मूल्य अभिवृद्धि तथा कुल गार्हस्थ्य उत्पादन प्रस्तुत गरिएको छ।

## ३. आर्थिक वृद्धिको त्रैमासिक अवस्था

तालिका १ मा प्रस्तुत मौसमी प्रभाव समायोजन नगरिएको तथ्याङ्क अनुसार त्रैमासिक कुल गार्हस्थ्य उत्पादन आधारभूत मूल्यमा अघिल्लो आर्थिक वर्ष २०८१/८२ को प्रथम त्रैमासिकको तुलनामा चालु आर्थिक वर्ष २०८२/८३ को सोही अवधिमा ३.०२ प्रतिशतले वृद्धि हुने प्रारम्भिक अनुमान गरिएको छ। आर्थिक वर्ष २०८१/८२ को प्रथम त्रैमासिकको तुलनामा चालु आर्थिक वर्षको प्रथम त्रैमासिकमा खाद्यान्न वाली, वनपैदावर, निर्जीवन बिमा, आन्तरिक उत्पादनका निर्माण सामाग्री लगायतका उत्पादनमा देखिएको संकुचनका कारण यस त्रैमासिकको वृद्धिदर सामान्य अंकमा सिमित रहेको देखिन्छ। यद्यपी, यस त्रैमासिकमा विद्युत उत्पादन तथा वितरण, वित्तिय क्रियाकलाप, पशुजन्य उत्पादन, फलफूल तथा तरकारी, व्यापार सेवा, पर्यटन आगमन लगायतका विभिन्न क्रियाकलापमा भएको वृद्धिका कारण कुल गार्हस्थ्य उत्पादन वृद्धिदर ३.०२ प्रतिशतले वृद्धि हुने प्रारम्भिक अनुमान रहेको छ। समग्रमा यस त्रैमासिकमा प्रस्तुत गरिएका कुल १८ वटा औद्योगिक वर्गिकरण सबैमा धनात्मक वृद्धिदर रहेको अनुमान छ।

तालिका २ मा प्रस्तुत मौसमी प्रभाव समायोजित तथ्याङ्कका आधारमा त्रैमासिक कुल गार्हस्थ्य उत्पादन आधारभूत मूल्यमा आर्थिक वर्ष २०८१/८२ को चौथो त्रैमासिकको तुलनामा आर्थिक वर्ष २०८२/८३ को पहिलो त्रैमासिकमा १.६८ प्रतिशतले संकुचन भएको प्रारम्भिक अनुमान छ। आर्थिक वर्ष २०८१/८२ को चौथो त्रैमासिकको तुलनामा आर्थिक वर्ष २०८२/८३ को पहिलो त्रैमासिकमा प्रस्तुत गरिएका कुल १८ ओटा औद्योगिक वर्गिकरणमध्ये १३ ओटा क्षेत्रमा भएको ऋणात्मक वृद्धिको प्रभाव तथा अन्य क्षेत्रको सामान्य वृद्धिको कारणले समग्र कुल गार्हस्थ्य उत्पादन ऋणात्मक भएको अनुमान गरिएको छ।

## ४. मौसमी प्रभाव असमायोजित त्रैमासिक कुल मूल्य अभिवृद्धि वृद्धिदर


*(आर्थिक वर्ष २०८१/८२ को पहिलो त्रैमासिकको तुलनामा आर्थिक वर्ष २०८२/८३ को पहिलो त्रैमासिकको वृद्धि)*

आर्थिक वर्ष २०८२/८३ को प्रथम त्रैमासिक र अघिल्लो आर्थिक वर्ष २०८१/८२ को पहिलो त्रैमासिक अवधिबीच क्षेत्रगत तुलना गर्दा अर्थतन्त्रका प्रस्तुत गरिएका सबै १८ ओटा औद्योगिक वर्गिकरणहरूको कुल मूल्य अभिवृद्धि वृद्धिदर धनात्मक रहेको प्रारम्भिक अनुमान छ (तालिका १)। जसमध्ये विद्युत तथा ग्याँस सम्बन्धित क्रियाकलापको सबैभन्दा धेरै वृद्धिदर (१४.९१%) रहेको छ भने यस क्षेत्रलाई पछ्याउँदै वित्तिय तथा बिमासम्वन्धी क्रियाकलाप; पेशागत, वैज्ञानिक तथा प्राविधिक क्रियाकलाप क्षेत्रमा क्रमश: ७.०७ प्रतिशत र ५.५२ प्रतिशत वृद्धि भएको प्रारम्भिक अनुमान गरिएको छ।

अर्थतन्त्रमा सबैभन्दा धेरै योगदान पुर्याउने कृषि क्षेत्रको वृद्धिदर १.३६ प्रतिशत हुने प्रारम्भिक अनुमान गरिएको छ। धान वालीको उत्पादनमा भएको कमी देखिए तापनि पशुपन्छी, तरकारीबाली तथा फलफुल उत्पादनमा भएको सामान्य वृद्धिले यस क्षेत्रको कुल मूल्य अभिवृद्धिमा सकारात्मक प्रभाव पारेको देखिन्छ। आर्थिक वर्ष २०८२/८३ को पहिलो त्रैमासिकमा अर्थतन्त्रको दोस्रो ठुलो हिस्सा ओगटेको थोक तथा खुद्रा व्यापार क्षेत्रको वृद्धिदर ३.८९ प्रतिशत भएको अनुमान गरिएको छ। व्यापारजन्य वस्तुको स्वदेशी उत्पादन तथा आयातमा भएको वृद्धिका कारणले यस क्षेत्रको वृद्धि हुन गएको देखिन्छ। त्यसैगरी, गत आर्थिक वर्षको पहिलो त्रैमासिकको तुलनामा चालु आर्थिक वर्षको पहिलो त्रैमासिकमा सबैभन्दा कम वृद्धिदर (१.११%) पानी आपुर्ती, ढलनिकास, फोहोर व्यवस्थापन तथा उपचारात्मक क्रियाकलाप र यो क्षेत्रपछिको कम वृद्धिदर (१.१९%) मानव स्वास्थ्य तथा सामाजिक क्रियाकलापको रहेको छ।

चित्र १ मौसमी प्रभाव असमायोजित आर्थिक वृद्धिदर


*(अघिल्लो आर्थिक वर्ष र लगत्तै पछिल्लो आर्थिक वर्षको सम्बन्धित त्रैमासिकको तुलनात्मक वृद्धिदर)*



विगत चारवटा आर्थिक वर्षहरूको त्रैमासिक कुल गार्हस्थ्य उत्पादन वृद्धिदरलाई चित्र १ मा प्रस्तुत गरिएको छ। जसअनुसार नेपालको आर्थिक वृद्धिदर तुलनात्मक रूपमा आर्थिक बर्ष २०७८/७९ को चौथो त्रैमासिकमा सबैभन्दा धेरै र २०७९/८० को दोस्रो त्रैमासिक सबैभन्दा थोरै देखिन्छ भने अन्य वर्षहरूमा सामान्य घटबढ रहेको देखिएको छ।

आर्थिक वर्ष २०८२/८३ को पहिलो त्रैमासिकमा प्रस्तुत गरिएका १८ ओटा औद्योगिक वर्गिकरण हरूको मौसमी प्रभाव असमायोजित कुल मूल्य अभिवृद्धि वृद्धिदरलाई चित्र २ मा प्रस्तुत गरिएको छ।

चित्र २ औद्योगिक वर्गिकरणअनुसार मौसमी प्रभाव असमायोजित कुल मूल्य अभिवृद्धि वृद्धिदर




## ५. मौसमी प्रभाव समायोजित त्रैमासिक कुल मूल्य अभिवृद्धि वृद्धिदर

*(आर्थिक वर्ष २०८१/८२ को चौथो त्रैमासिकको तुलनामा आर्थिक वर्ष २०८२/८३ को पहिलो त्रैमासिकको वृद्धि)*

मौसमी प्रभाव समायोजित त्रैमासिक वृद्धिलाई हेर्दा आर्थिक वर्ष २०८१/८२ को चौथो त्रैमासिक (वैशाख, जेठ र असार) को तुलनामा आर्थिक वर्ष २०८२/८३ को पहिलो त्रैमासिक (साउन, भदौ र असोज) मा कुल १८ ओटा औद्योगिक वर्गिकरणमध्ये पाँचवटा क्षेत्रको वृद्धिदर धनात्मक देखिएको छ भने १३ वटा औद्योगिक वर्गिकरणको वृद्धिदर ऋणात्मक देखिएको छ (तालिका २)। यस अवधिमा विद्युत तथा ग्याँस सबैभन्दा बढी ४.९५ प्रतिशत वृद्धि भएको अनुमान गरिएको छ।

चित्र ३ औद्योगिक वर्गिकरणअनुसार मौसमी प्रभाव समायोजित कुल मूल्य अभिवृद्धि वृद्धिदर
(आर्थिक वर्ष २०८२/८३ पहिलो त्रैमासिक)



यो अवधिमा अर्थतन्त्रमा सबैभन्दा बढी हिस्सा रहेको कृषि, वन तथा मत्स्य क्षेत्र १.६५ प्रतिशत संकुचनमा गएको देखिन्छ। ऋणात्मक वृद्धिदर हुने १३ वटा औद्योगिक वर्गिकरणहरूमध्ये सबैभन्दा धेरै संकुचनमा खानी तथा उत्खनन् क्षेत्र (-१०.०५%) र यस क्षेत्रलाई पछ्याउँदै सार्वजनिक प्रशासन, सुरक्षा तथा अनिवार्य सामाजिक सुरक्षासम्वन्धी क्रियाकलाप (-५.९५%) रहेका छन्। यसरी आर्थिक वर्ष २०८१/८२ को चौथो त्रैमासिकमा भन्दा आर्थिक वर्ष २०८२/८३ को पहिलो त्रैमासिकमा समग्र अर्थतन्त्रको वृद्धिदर ऋणात्मक १.६८ प्रतिशत भएको प्रारम्भिक अनुमान गरिएको छ।

आर्थिक वर्ष २०८२/८३ को पहिलो त्रैमासिकमा १८ वटा औद्योगिक वर्गिकरणको मौसमी प्रभाव समायोजित कुल मूल्य अभिवृद्धि वृद्धिदरलाई चित्र ३ मा प्रस्तुत गरिएको छ।

कूल १८ वटा औद्योगिक वर्गिकरणको मौसमी प्रभाव असमायोजित मूल्य अभिवृद्धि वृद्धिदर तथा समग्र अर्थतन्त्रको कुल गार्हस्थ्य उत्पादन वृद्धिदर तालिका १ मा र मौसमी प्रभाव समायोजित कुल मूल्य अभिवृद्धिको वृद्धिदर र समग्र अर्थतन्त्रको कुल गार्हस्थ्य उत्पादन वृद्धिदर तालिका २ मा प्रस्तुत गरिएको छ। त्यसैगरी, आधारभूत मूल्यमा मापन गरिएका स्थिर मूल्यका मौसमी प्रभाव असमायोजित तथा समायोजित कूल मूल्य अभिवृद्धि तथा कुल गार्हस्थ्य उत्पादनका मानहरु क्रमशः तालिका ३ र ४ मा प्रस्तुत गरिएको छ। स्थिर मूल्यमा मापन गरिएका कुल गार्हस्थ्य उत्पादनको तथ्याङ्कले समग्र अर्थतन्त्रको आकार भने प्रस्तुत गर्न सक्दैन।

ढुण्डीराज लामिछाने
प्रवक्ता एवम् उप प्रमुख तथ्याङ्क अधिकारी
राष्ट्रिय तथ्याङ्क कार्यालय
फोनः ९८४१४१४३१२
इमेलः dhundiraj@gmail.com

**थप जानकारीका लागिः**

निर्देशक दिनेश भट्टराई
मोबाइलः ९८४१५००७५८
निर्देशक ऋषि राम सिग्देल
मोबाइलः ९८४६२२६१८०

**Table 1: Seasonally Unadjusted (Year on Year) Growth Rate of QGDP and QGVA by Economic Activities (at basic Price, 2010/11)**

| ISIC | Industrial Classification | 2079/80 2022/23 | | | | 2080/81 2023/24 | | | | 2081/82 2024/25 | | | | 2082/83 2025/26 |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | Q1 | Q2 | Q3 | Q4 | Q1 | Q2 | Q3 | Q4 | Q1 | Q2 | Q3 | Q4 | Q1** |
| A | Agriculture, forestry and fishing | 3.4 | 2.9 | 4.2 | 1.8 | 1.7 | 2.4 | 3.2 | 5.8 | 4.1 | 2.9 | 3.6 | 2.8 | 1.4 |
| B | Mining and quarrying | -3.0 | 2.0 | -2.8 | 7.2 | 6.4 | -3.3 | -7.5 | 16.5 | -1.5 | 3.7 | 6.1 | 0.4 | 3.8 |
| C | Manufacturing | -2.6 | -3.4 | -1.2 | 0.4 | -0.1 | -4.6 | -4.3 | 1.2 | 2.8 | 5.2 | 6.3 | 0.8 | 1.5 |
| D | Electricity, gas, steam and air conditioning supply | 37.0 | 12.7 | -21.9 | 33.2 | 17.0 | 18.1 | 38.3 | -8.6 | 17.9 | 7.9 | 13.2 | 14.0 | 14.9 |
| E | Water supply; sewerage, waste management | 2.2 | 4.0 | 2.7 | 4.0 | 2.2 | 1.1 | 0.7 | 1.0 | 1.8 | 2.3 | 2.4 | 1.9 | 1.1 |
| F | Construction | 3.7 | -17.4 | -5.9 | 13.8 | 0.1 | 9.5 | -6.3 | -8.9 | -3.9 | 4.5 | 5.8 | 2.7 | 3.3 |
| G | Wholesale and retail trade; repair of motor vehicles & motorcycles | -1.7 | -15.2 | -3.0 | 6.2 | -1.1 | 0.7 | -2.9 | 1.8 | 0.6 | 3.0 | 3.5 | 5.6 | 3.9 |
| H | Transportation and storage | 0.7 | 1.1 | 1.8 | 2.7 | 4.9 | 18.7 | 19.0 | 11.4 | 9.3 | 10.3 | 8.3 | 10.1 | 1.4 |
| I | Accommodation and food service activities | 54.0 | -1.1 | 5.3 | 27.1 | 14.4 | 35.3 | 21.4 | 13.8 | 9.0 | 5.5 | 1.8 | 3.9 | 2.1 |
| J | Information and communication | 6.2 | 4.2 | 4.8 | 1.6 | 6.9 | 7.8 | 6.4 | -1.6 | 2.5 | 6.1 | 5.8 | 4.8 | 2.1 |
| K | Financial and insurance activities | 18.9 | 14.9 | 22.9 | -17.3 | 9.7 | 17.3 | -1.5 | 8.6 | 1.1 | 3.4 | 4.1 | 17.2 | 7.1 |
| L | Real estate activities | 2.9 | 2.9 | 2.9 | 2.9 | 2.4 | 2.4 | 2.4 | 2.4 | 2.7 | 2.7 | 2.7 | 2.7 | 1.8 |
| M | Professional, scientific and technical activities | 3.8 | 3.4 | 4.1 | 4.4 | 3.7 | 4.0 | 4.5 | 4.3 | 3.2 | 4.0 | 4.3 | 4.4 | 5.5 |
| N | Administrative and support service activities | 4.6 | 5.7 | 4.4 | 5.5 | 5.1 | 2.9 | 2.6 | 5.7 | 1.9 | 3.1 | 4.9 | 5.7 | 5.5 |
| O | Public administration and defense; compulsory social security | 5.2 | 5.6 | 11.9 | -0.4 | 1.3 | 1.9 | 2.8 | 11.1 | -1.0 | 2.1 | 3.5 | 4.1 | 1.4 |
| P | Education | 2.7 | 6.7 | 3.7 | 2.7 | 1.8 | 2.2 | 1.9 | 2.7 | 0.2 | 2.1 | 2.4 | 3.1 | 2.7 |
| Q | Human health and social work activities | 11.2 | 6.4 | 4.9 | 3.9 | 4.1 | 3.9 | 6.9 | 6.3 | 3.6 | 4.3 | 5.1 | 6.1 | 1.2 |
| R, S, T | Others services | 10.1 | 3.6 | 4.6 | 4.3 | 1.5 | 5.9 | 6.4 | 3.4 | 2.7 | 3.8 | 3.4 | 5.7 | 1.6 |
| | **QGDP** | **4.6** | **-1.0** | **2.7** | **3.3** | **2.9** | **4.8** | **2.3** | **3.3** | **2.9** | **3.8** | **4.3** | **4.8** | **3.0** |

**Note: QGDP = Quarterly Gross Domestic Product**
**QGVA = Quarterly Gross Value Added**
**** = Preliminary Estimates**

**Table 2: Seasonally Adjusted (Quarter on Quarter) Growth Rate of QGDP and QGVA by Economic Activities (at basic Price, 2010/11)**

| ISIC | Industrial Classification | 2079/80 | | | | 2080/81 | | | | 2081/82 | | | | 2082/83 |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | 2022/23 | | | | 2023/24 | | | | 2024/25 | | | | 2025/26 |
| | | Q1 | Q2 | Q3 | Q4 | Q1 | Q2 | Q3 | Q4 | Q1 | Q2 | Q3 | Q4 | Q1** |
| A | Agriculture, forestry and fishing | 2.5 | 0.8 | 0.3 | -1.7 | 2.3 | 1.7 | 0.6 | 1.3 | -0.1 | 1.4 | 0.6 | 0.9 | -1.7 |
| B | Mining and quarrying | -3.7 | 5.7 | 3.2 | -0.6 | -1.3 | -3.6 | -0.8 | 21.6 | -14.8 | 1.5 | 1.9 | 11.9 | -10.0 |
| C | Manufacturing | -4.4 | 1.5 | 2.1 | 0.2 | -3.6 | -2.3 | 1.2 | 5.3 | -1.3 | 0.6 | 1.8 | -0.5 | -0.6 |
| D | Electricity, gas, steam and air conditioning supply | -5.6 | -0.9 | -15.4 | 67.6 | -18.5 | 4.1 | 0.5 | 6.4 | 4.5 | -2.4 | 6.5 | 4.6 | 5.0 |
| E | Water supply; sewerage, waste management | -2.0 | 3.3 | 1.2 | 0.6 | -2.0 | 1.3 | 0.5 | 0.6 | 0.0 | 1.0 | 0.5 | 0.0 | -0.2 |
| F | Construction | 0.8 | -12.6 | 15.6 | 10.9 | -11.1 | -2.5 | -2.3 | 5.4 | -4.7 | 7.5 | -1.9 | 1.8 | -4.1 |
| G | Wholesale and retail trade; repair of motor vehicles & motorcycles | -1.3 | -3.6 | 6.6 | 1.4 | -4.0 | -1.6 | 2.3 | 2.5 | -1.7 | 1.2 | 2.0 | 3.0 | -2.3 |
| H | Transportation and storage | 7.2 | -4.5 | -1.5 | 4.5 | 7.2 | 5.2 | 1.0 | -1.2 | 5.4 | 3.3 | 0.6 | 0.6 | -1.9 |
| I | Accommodation and food service activities | 14.5 | -20.1 | 18.7 | 13.1 | 5.1 | 0.7 | 2.7 | 3.8 | 2.0 | -2.0 | -1.5 | 3.5 | 0.0 |
| J | Information and communication | -1.7 | -1.7 | 1.1 | 4.6 | 2.6 | -0.7 | 0.0 | -2.8 | 6.0 | 2.7 | -0.1 | -3.6 | 3.1 |
| K | Financial and insurance activities | -5.5 | -1.8 | 14.3 | -21.1 | 23.1 | 3.4 | -1.6 | -9.6 | 11.3 | 4.0 | -0.5 | 2.9 | -3.0 |
| L | Real estate activities | 1.0 | 0.8 | 0.6 | 0.5 | 0.4 | 0.9 | 0.6 | 0.5 | 0.7 | 1.0 | 0.6 | 0.5 | -0.3 |
| M | Professional, scientific and technical activities | 1.0 | 0.9 | 1.1 | 1.0 | 0.9 | 0.9 | 1.3 | 0.7 | 0.2 | 1.7 | 1.4 | 1.3 | 1.2 |
| N | Administrative and support service activities | 1.4 | 2.3 | 1.0 | 0.5 | 1.0 | 0.9 | 0.9 | 0.8 | 0.4 | 1.1 | 2.1 | 1.3 | 0.5 |
| O | Public administration and defense; compulsory social security | 5.5 | 0.5 | 1.5 | -7.4 | 7.7 | 0.6 | 2.1 | 0.7 | -3.8 | 3.2 | 3.4 | 1.5 | -6.0 |
| P | Education | 2.2 | 1.6 | -2.1 | 1.2 | 1.3 | 1.5 | -1.9 | 2.0 | -1.0 | 2.7 | -1.0 | 2.5 | -1.3 |
| Q | Human health and social work activities | 4.0 | 0.0 | -1.6 | 1.7 | 3.9 | -0.3 | 1.4 | 1.4 | 0.9 | 0.4 | 2.3 | 2.5 | -3.9 |
| R, S, T | Others services | 2.6 | -2.9 | 2.1 | 2.1 | 0.6 | 1.2 | 2.1 | -0.9 | 0.7 | 1.9 | 1.4 | 1.4 | -0.7 |
| | **QGDP** | **0.9** | **-1.6** | **2.9** | **0.7** | **0.7** | **0.8** | **0.5** | **1.2** | **0.4** | **2.0** | **0.8** | **1.4** | **-1.7** |

**Note: QGDP = Quarterly Gross Domestic Product**
**QGVA = Quarterly Gross Value Added**
**** = Preliminary Estimates**

## Table 3: Seasonally Unadjusted QGDP and QGVA by Economic Activities (at constant basic Price, 2010/11, in million Rs.)

| ISIC | Industrial Classification | 2079/80 | | | | 2080/81 | | | | 2081/82 | | | | 2082/83 |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | 2022/23 | | | | 2023/24 | | | | 2024/25 | | | | 2025/26 |
| | | Q1 | Q2 | Q3 | Q4 | Q1 | Q2 | Q3 | Q4 | Q1 | Q2 | Q3 | Q4 | Q1** |
| A | Agriculture, forestry and fishing | 139210 | 201928 | 161210 | 180056 | 141644 | 206702 | 166383 | 190546 | 147497 | 212727 | 172293 | 195925 | 149508 |
| B | Mining and quarrying | 3851 | 4242 | 4288 | 4625 | 4100 | 4103 | 3967 | 5388 | 4036 | 4253 | 4208 | 5409 | 4188 |
| C | Manufacturing | 30695 | 32723 | 33746 | 31815 | 30651 | 31222 | 32294 | 32207 | 31500 | 32852 | 34319 | 32477 | 31978 |
| D | Electricity, gas, steam and air conditioning supply | 17554 | 11518 | 6270 | 18421 | 20546 | 13605 | 8669 | 16834 | 24219 | 14673 | 9817 | 19192 | 27831 |
| E | Water supply; sewerage, waste management | 4638 | 4107 | 4088 | 4249 | 4738 | 4153 | 4119 | 4291 | 4825 | 4247 | 4219 | 4371 | 4879 |
| F | Construction | 40467 | 34264 | 41441 | 48502 | 40494 | 37535 | 38830 | 44189 | 38928 | 39231 | 41077 | 45374 | 40198 |
| G | Wholesale and retail trade; repair of motor vehicles & motorcycles | 75498 | 88661 | 88207 | 90448 | 74630 | 89243 | 85622 | 92073 | 75051 | 91889 | 88656 | 97227 | 77969 |
| H | Transportation and storage | 36408 | 34719 | 31632 | 22228 | 38190 | 41196 | 37633 | 24752 | 41734 | 45424 | 40757 | 27254 | 42302 |
| I | Accommodation and food service activities | 9035 | 8483 | 9203 | 8948 | 10336 | 11478 | 11172 | 10182 | 11266 | 12111 | 11377 | 10575 | 11504 |
| J | Information and communication | 22747 | 22783 | 21833 | 22256 | 24317 | 24567 | 23224 | 21909 | 24927 | 26064 | 24583 | 22962 | 25449 |
| K | Financial and insurance activities | 33863 | 30777 | 39057 | 31883 | 37135 | 36107 | 38468 | 34635 | 37549 | 37344 | 40050 | 40603 | 40204 |
| L | Real estate activities | 46187 | 46192 | 46181 | 46203 | 47317 | 47317 | 47303 | 47325 | 48608 | 48603 | 48592 | 48613 | 49496 |
| M | Professional, scientific and technical activities | 5162 | 5334 | 5348 | 5420 | 5356 | 5548 | 5591 | 5653 | 5529 | 5767 | 5832 | 5901 | 5834 |
| N | Administrative and support service activities | 3931 | 4190 | 4293 | 4285 | 4132 | 4310 | 4403 | 4528 | 4211 | 4445 | 4620 | 4787 | 4441 |
| O | Public administration and defense; compulsory social security | 28172 | 28539 | 30026 | 28747 | 28548 | 29080 | 30864 | 31923 | 28258 | 29681 | 31928 | 33242 | 28667 |
| P | Education | 34627 | 35503 | 33898 | 36027 | 35252 | 36275 | 34558 | 36983 | 35334 | 37020 | 35402 | 38147 | 36280 |
| Q | Human health and social work activities | 8551 | 8209 | 8044 | 8624 | 8905 | 8525 | 8602 | 9170 | 9225 | 8896 | 9037 | 9726 | 9334 |
| R, S, T | Other Services | 2905 | 2789 | 2845 | 2907 | 2948 | 2955 | 3028 | 3004 | 3028 | 3068 | 3132 | 3174 | 3078 |
| | **QGDP** | 543503 | 604962 | 571609 | 595644 | 559237 | 633918 | 584728 | 615593 | 575724 | 658296 | 609899 | 644957 | 593138 |

**Note: QGDP = Quarterly Gross Domestic Product**
**QGVA = Quarterly Gross Value Added**
**** = Preliminary Estimates**

## Table 4: Seasonally Adjusted QGDP and QGVA by Economic Activities (at constant basic Price, 2010/11, in million Rs.)

| ISIC | Industrial Classification | 2079/80 2022/23 | | | | 2080/81 2023/24 | | | | 2081/82 2024/25 | | | | 2082/83 2025/26 |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | Q1 | Q2 | Q3 | Q4 | Q1 | Q2 | Q3 | Q4 | Q1 | Q2 | Q3 | Q4 | Q1** |
| A | Agriculture, forestry and fishing | 169948 | 171307 | 171900 | 169028 | 172873 | 175861 | 176982 | 179301 | 179182 | 181753 | 182818 | 184514 | 181461 |
| B | Mining and quarrying | 4004 | 4233 | 4368 | 4342 | 4287 | 4134 | 4102 | 4986 | 4248 | 4312 | 4394 | 4917 | 4423 |
| C | Manufacturing | 31490 | 31949 | 32620 | 32682 | 31510 | 30791 | 31159 | 32795 | 32379 | 32587 | 33169 | 33002 | 32808 |
| D | Electricity, gas, steam and air conditioning supply | 12468 | 12351 | 10448 | 17510 | 14276 | 14862 | 14930 | 15888 | 16609 | 16206 | 17254 | 18050 | 18944 |
| E | Water supply; sewerage, waste management | 4132 | 4268 | 4321 | 4348 | 4262 | 4319 | 4339 | 4367 | 4369 | 4414 | 4438 | 4438 | 4430 |
| F | Construction | 41062 | 35887 | 41472 | 46002 | 40887 | 39884 | 38983 | 41098 | 39166 | 42090 | 41295 | 42024 | 40289 |
| G | Wholesale and retail trade; repair of motor vehicles & motorcycles | 84600 | 81575 | 86962 | 88182 | 84668 | 83282 | 85159 | 87292 | 85795 | 86784 | 88551 | 91172 | 89083 |
| H | Transportation and storage | 32320 | 30869 | 30404 | 31785 | 34089 | 35860 | 36217 | 35791 | 37720 | 38957 | 39185 | 39433 | 38698 |
| I | Accommodation and food service activities | 9309 | 7438 | 8827 | 9984 | 10494 | 10568 | 10849 | 11266 | 11494 | 11267 | 11095 | 11480 | 11485 |
| J | Information and communication | 22340 | 21966 | 22204 | 23220 | 23817 | 23647 | 23646 | 22991 | 24377 | 25047 | 25028 | 24134 | 24872 |
| K | Financial and insurance activities | 33924 | 33316 | 38078 | 30029 | 36958 | 38207 | 37586 | 33984 | 37810 | 39325 | 39117 | 40255 | 39065 |
| L | Real estate activities | 45730 | 46081 | 46363 | 46612 | 46810 | 47227 | 47505 | 47740 | 48052 | 48534 | 48808 | 49034 | 48909 |
| M | Professional, scientific and technical activities | 5238 | 5286 | 5344 | 5399 | 5450 | 5501 | 5573 | 5614 | 5624 | 5722 | 5802 | 5875 | 5943 |
| N | Administrative and support service activities | 4076 | 4171 | 4213 | 4232 | 4273 | 4310 | 4348 | 4384 | 4403 | 4452 | 4544 | 4605 | 4630 |
| O | Public administration and defense; compulsory social security | 29084 | 29218 | 29654 | 27459 | 29580 | 29771 | 30391 | 30598 | 29420 | 30366 | 31389 | 31851 | 29955 |
| P | Education | 34866 | 35418 | 34686 | 35099 | 35550 | 36068 | 35372 | 36078 | 35701 | 36674 | 36311 | 37203 | 36701 |
| Q | Human health and social work activities | 8388 | 8392 | 8259 | 8400 | 8727 | 8703 | 8828 | 8952 | 9035 | 9069 | 9278 | 9506 | 9133 |
| R, S, T | Other Services | 2876 | 2793 | 2853 | 2914 | 2931 | 2965 | 3028 | 3001 | 3023 | 3081 | 3125 | 3169 | 3147 |
| | **QGDP** | **575855** | **566518** | **582976** | **587227** | **591442** | **595960** | **598997** | **606126** | **608407** | **620640** | **625601** | **634662** | **623976** |

**Note: QGDP = Quarterly Gross Domestic Product**
**QGVA = Quarterly Gross Value Added**
**** = Preliminary Estimates**

# अनुसूचीः त्रैमासिक राष्ट्रिय लेखा अनुमानका प्रकाशित तालिकासम्बन्धी प्राविधिक नोट

राष्ट्रिय तथ्याङ्क कार्यालयले तयार गर्ने त्रैमासिक राष्ट्रिय लेखासम्बन्धी अनुमानहरू संयुक्त राष्ट्रसंघ, तथ्याङ्क आयोगले (United Nations, Statistics Commission) सिफारिस गरेको System of National Accounts, 2008 मा उल्लेखित विधि र वर्गीकरणहरूमा आधारित छन्। राष्ट्रिय तथ्याङ्क कार्यालयले प्रकाशन गर्ने त्रैमासिक राष्ट्रिय लेखासम्बन्धी चार ओटा तालिकाहरूमा प्रयोग भएका केही प्राविधिक शब्द एवम् सूचकहरूको संक्षिप्त परिभाषा यस प्रकार रहेको छ।

**१. आर्थिक वृद्धिदर (तालिका १ र २ सँग सम्बन्धित)**

आर्थिक वृद्धिदर भनेको कुनै अर्थतन्त्र भित्र निश्चित समयावधिमा सञ्चालित आर्थिक क्रियाकलापबाट मूल्य अभिवृद्धि भई नयाँ उत्पादन भएका वस्तु तथा सेवाहरूको स्थिर मूल्यमा अघिल्लो अवधिको तुलनामा भएको प्रतिशत परिवर्तन हो। अर्को शब्दमा, आर्थिक वृद्धिदर भनेको अघिल्लो अवधिको तुलनामा राष्ट्रको स्थिर मूल्यको कुल गार्हस्थ्य उत्पादन (रियल जीडीपी) मा हुने परिवर्तन हो। देशको अर्थतन्त्रको अवस्थाको मूल्याङ्कन गर्न यो सूचक प्रयोग गरिन्छ। सुत्रमा,

$$\text{आर्थिक वृद्धिदर} = \frac{\text{यस अवधिको रियल जीडीपी} - \text{अघिल्लो अवधिको रियल जीडीपी}}{\text{अघिल्लो अवधिको रियल जीडीपी}} X १००$$

त्रैमासिक राष्ट्रिय लेखाका प्रकाशित तालिका १ मा मौसमी प्रभाव असमायोजित त्रैमासिक वृद्धिलाई प्रस्तुत गरिएको छ। यो वृद्धिले कुल गार्हस्थ्य उत्पादनको वार्षिक परिवर्तनलाई प्रस्तुत गरेको हुन्छ। उदाहरणका लागि आर्थिक वर्ष २०८०/८१ को चौथो त्रैमासिकको तुलनामा आर्थिक वर्ष २०८१/८२ को चौथो त्रैमासिकमा कुल गार्हस्थ्य उत्पादनमा कति प्रतिशतले वृद्धि भयो भनेर तालिका १ मा प्रस्तुत तथ्याङ्कबाट थाह पाउन सकिन्छ। यसलाई Year on Year वृद्धि पनि भनिन्छ। यसमा मौसमी प्रभावलाई समायोजन गरिएको हुदैन।

त्यसैगरी, त्रैमासिक राष्ट्रिय लेखाका प्रकाशित तालिका २ मा मौसमी प्रभाव समायोजित त्रैमासिक वृद्धिलाई प्रस्तुत गरिएको छ। यो वृद्धिले कुनै त्रैमासिकको कुल गार्हस्थ्य उत्पादन सोभन्दा लगत्तै अगाडिको त्रैमासिकभन्दा कति प्रतिशतले वृद्धि भयो भनेर तालिका २ मा प्रस्तुत तथ्याङ्कबाट थाह पाउन सकिन्छ। यसलाई Quarter on Quarter वृद्धि पनि भनिन्छ। यसमा मौसमी प्रभावलाई समायोजन गरिएको हुन्छ।

आर्थिक वृद्धिदर अर्थतन्त्रको स्वास्थ्य मापन गर्न प्रयोग गरिन्छ। धनात्मक आर्थिक वृद्धिदर अर्थतन्त्र सही दिशामा अगाडि बढेको सङ्केत हो भने ऋणात्मक आर्थिक वृद्धिदर अर्थतन्त्र संकुचनमा गएको सङ्केत हो। दुई भिन्न अर्थतन्त्र बीचको आर्थिक प्रगति तुलनात्मक रूपमा अध्ययन गर्न आर्थिक

वृद्धिदरलाई प्रमुख सूचकको रूपमा प्रयोग गरिन्छ। नीति निर्माता, योजनाकार, अर्थविद् तथा पत्रकारहरूले यो सूचक निकै प्रयोग गरेको पाईन्छ।

## ४. कुल मूल्य अभिबृद्धि (तालिका ३ र ४ सँग सम्बन्धित)

कुल उत्पादनमा मध्यवर्ती उपभोग घटाएर बाँकि रहेको मान नै कुल मूल्य अभिवृद्धि हो। तर त्रैमासिक कुल मूल्य अभिवृद्धि अनुमान गर्नका लागि आर्थिक क्रियाकलापका विभिन्न सूचक (High frequency indicators) को प्रयोग गरिने हुनाले कुल उत्पादन र मध्यवर्ती उपभोगको गणना गरिएको छैन। तालिका ३ मा प्रस्तुत गरिएको तथ्याङ्क स्थिर मूल्य (आधार वर्ष २०६७/६८) मा मापन गरिएका मौसमी प्रभाव असमायोजित कुल मूल्य अभिवृद्धि हुन् भने तालिका ४ मा प्रस्तुत गरिएको तथ्याङ्क स्थिर मूल्य (आधार वर्ष २०६७/६८) मा मापन गरिएका मौसमी प्रभाव समायोजित कुल मूल्य अभिवृद्धि हुन्।

## ५. त्रैमासिकको परिचय

नेपालको आर्थिक वर्ष प्रत्येक साउन एक गते सुरू भई असारको मसान्तमा समाप्त हुन्छ। एक आर्थिक वर्षका चार ओटा त्रैमासिकको विभाजन देहायबमोजिम गरिएको छः

(क) प्रथम त्रैमासिकः साउन, भदौ, असोज (Q1: Mid. July- Mid. October)

(ख) दोस्रो त्रैमासिकः कार्तिक, मंसिर पुष (Q2: Mid. October- Mid. January)

(ग) तेस्रो त्रैमासिकः माघ, फागुन चैत (Q3: Mid. January- Mid April)

(घ) चौथो त्रैमासिकः वैशाख, जेठ, असार (Q4: Mid. April- Mid July)